# लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान-२०१६

## राष्ट्रिय नारा

## “घर शान्ति नै विश्वशान्तिको आधार : दिगो विकासका लागि लैङ्गिक हिंसारहित समाज”

## अन्तराष्ट्रिय नारा

## “ From Peace in the Home to Peace in the World Make Education Safe for All ”

**सन् १९९१** मा सेन्टर फर ओमन्स ग्लाृवल लिडरसिप (CWGL) को सहयोगमा बिभिन्न २० देशका उत्साहित महिलाहरुको समुहले लैङ्गिक हिंसाबिरुद्ध १६ दिने अभियानको सुरुवात गर्दै अभियानमा जुट्न सम्पूर्ण विश्वलाई आव्हान गरेका थिए ।तत्पश्चात हरेक बर्ष अंग्रेजी महिनाको नोभ्म्बर २५ को महिला हिंसाविरुद्धका अन्तराष्ट्रिय दिवसबाट सुरु गरी डिसेम्बर १० का दिन अन्तराष्ट्रिय मानवअधिकार दिवस सम्म मनाउने गरिन्छ ।यी दुई दिवसबिचका अन्योन्याश्रित सम्बन्धको संकेतका रुपमा १६ दिनको अबधिलाई लैङ्गिक हिंसाविरुद्धको अभियानका रुपमा मनाउने गरिएको छ । यस समयावधिभित्र अन्तराष्ट्रिय महिला मानवअधिकार रक्षक दिवस (२९ नोभेम्बर), बिश्व एड्स दिवस (१ डिसेम्बर), अपाङ्गता भएका व्यक्तिहरुको अन्तराष्ट्रिय दिवस (३ डिसेम्बर) जस्ता महत्वपूर्ण दिवस पर्दछन । महिला आन्दोलनको क्षेत्रमा नोभेम्बर २५ र डिसेम्बर ६ का दिनलाई बिशेष रुपमा सम्झने गरिन्छ ।

सन् १९६० को नोभेम्बर २५ का दिन डोमिनिकल रिपब्लिकका एकै परिवारका तीन साहसिक दिदी बहिनीहरु (प्याट्रिया, मिनर्भा र मारिया)को तत्कालीन तानाशाह राफेल त्रुजिले सरकारले कार्यतापूर्ण तथा निर्मम हत्या गरेका थिए । बिश्वव्यापी सर्मथन प्राप्त गरिसकेका तीन दिदीबहिनी बिरुद्ध प्रत्यक्ष कारबाही गर्न कठिन भएको अवस्थामा सन् १९६० को नोभेम्बर २५ का दिन जेलमा रहेक आफ्न पतिलाई भेटेर फर्कदा षडेयन्त्रपूर्वक हत्या गरि हत्याकाण्डलाई कार दुर्घटनाको संज्ञा दिइयो । यस बर्बर घटनालाई डोमिनिकल जनताले सहजै स्वीकार गरेनन् र आन्देलन मार्फत ६ महिनामा त्रुजिलो सरकारलाई घुँडा टेकाइ छाडे ।

Unforgettable Butterflies को उपनामले चिनिने तीन दिदीबहिनीको बलिदानी त्याग र उच्च साहसको सम्मान गर्दे २५ नोभेम्बरलाई ल्याटिन अमेरिकी देशमा महिला हिंसाविरुद्धको दिवसको रुपमा मनाउन थालिएकोमा १७ डिसेम्बर १९९९ मा संयुक्त राष्ट्र संघको साधारण सभाले समेत त्यसै दिनलाई अन्तराष्ट्रिय महिला हिंसाविरुद्धको दिवसको रुपमा घोषणा गरि महिला हिंसाविरुद्ध ऐक्यबद्धता जनायो । त्यसैगरि ६ डिसेम्बर १९९८ का दिन मोन्टेरल विश्वबिद्यालय क्यानडाको पोलिटेक्निकल कलेजमा मार्क लेपिन नामक एक २५ बर्षे युवकले १४ जना छात्राहरुको सामूहिक हत्या गरि आफैले समेत हत्या गरे । यसको सम्झनामा क्यानडाका युवाहरुको प्रयासमा सन् १८८१ मा एकलाख जनताको सहभागितामा महिला हिंसाविरुद्धमा पुरुषहरुलाई जागरुक गराउने उदेश्यसहित सेतो रिवन अभियानको सुरुवात गरियो । अंग्रेजी अक्षर (V: Violence) लाई उल्टो बनाउँदा बन्ने आकारमा लगाइने सेतो रिवन प्रतिकारात्मक रुपमा ‘म हिंसा सहन्न, आफू पनि गर्दिन र देखेमा प्रतिकार गर्छु’ भन्ने प्रतिबद्धता हो हाल बिश्वभरी १६

दिने अभियानका दिनमा सेतो रिवन लगाउने चलन छ। लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान, २०१६ को अन्तराष्ट्रिय नारा “From Peace in the Home to peace in the World : Make Education Safe for All” रहेको छ भने यस बर्षको राष्ट्रिय नाराका रुपमा “घर शान्ति नै बिश्व शान्तिको आधार : दिगो बिकासका लागि लैंगिक हिंसा रहित समाज” तय गरिएको छ।

बिश्वव्यापी रुपमा हिंसाका नयाँ नयाँ प्रकृतिका घटनाले सम्पूर्ण विश्व जगतलाई नै आक्रान्त तुल्याएको छ। यसको प्रभावबाट नेपाली समाज पनि अछुतो रहन सकेको छैन। नेपालको सर्न्दभमा हेर्दा महिला हक अधिकारको संरक्षण, सम्वर्द्धन लगायत हिंसाविरुद्धको लडाइमा अग्रणीय महिला योगमायाको मह्त्वपूर्ण देनका साथै अन्य योद्धा तथा महिला अधिकारकर्मीले लैङ्गिक हिंसाविरुद्धको लडाइमा आफ्नो जीवन अर्पण गर्नु भएको विषय राष्ट्रले भुल्नु हुँदैन। फलस्वरुप आज घरदेखि राष्ट्र र राष्ट्रदेखि अन्तराष्ट्रिय क्षेत्रमा समेत यसको गरिमा बढेको छ। Kitchen to cabinet होस वा Land to Sky नै किन नहोस्, हिंसाविरुद्ध सबैले सहकार्य अझै पनि खाँचो र आबश्यकता छ किनकी विज्ञान, प्रबिधि र सञ्चारको तीव्र विकासले गर्दा लैङ्गिक हिंसाका नयाँ नयाँ स्वरुप समेत देखापरिरहेका छन्। नेपालमा तथ्याङ्कगत रुपमा हेर्दा अझै पनि २६ प्रतिशत घरेलु हिंसा र २९ प्रतिशत बालविवाहका घटना विद्यमान रहेको अवस्था छ। दिगो विकास (२०१६-२०३०) सम्मको हाम्रो लक्ष्य होस् वा सन् २०२२ सम्म विकासशिल राष्ट्रमा स्तरोन्नती गर्न पनि लैङ्गिक हिंसाको निवारण अपरिहार्य छ।

२०५८ सालमा स्थापित राष्ट्रिय महिला आयोगले लैङ्गिक तथा घरेलु हिंसाका पिडितहरुको गुनासो सुनि कानुनी उपचार उपलब्ध गराउनुका साथै पिडकलाई सजायको दायरामा ल्याउने गरेको छ।पिडितहरुको पक्षमा लागिपरेको यस राष्ट्रिय महिला आयोगको महत्वलाई राज्यले आत्मसाथ गरि वर्तमान संविधानले संबैधानिक निकायमार्फत हिंसाविरुद्ध कार्य गर्ने सुनिश्चितता गर्नु गौरवको विषय हो।यस अवस्थामा राष्ट्रिय महिला आयोगको संयोजनमा सम्पूर्ण नागरिक, बुद्धिजीवी, समाजसेवी, शिक्षक, राजनीतिज्ञ, कर्मचारी, विभिन्न संघसंस्था तथा आम जनमानसले महिला हिंसाविरुद्ध आ-आफ्नो ठाँउबाट आवाज बुलन्द गर्ने बेला आएको छ। लैङ्गिक हिंसा अन्त्यको प्रयासलाई अभियानका रुपमा स्थापित गर्न सके मात्रै “ From Peace in the Home to Peace in the World : Make Education Safe for All ” भन्ने अन्तराष्ट्रिय नारा तथा “घर शान्ति नै बिश्व शान्तिको आधार : दिगो विकासका लागि लैङ्गिक हिंसारहित समाज” भन्ने राष्ट्रिय नाराले सार्थकता पाउने छ।

**साभार: राष्ट्रिय महिला आयोग भद्रकाली प्लाजा, काठमाण्डौ**

इन्द्रेणी समाज केन्द्र, नेपाल
**फोन नं. ०७५-५२००९१**
**इमेल:** iskpalpa@yahoo.com
**वेवसाईट:** www.isknepal.org.np